नेपाल सरकार
# अर्थ मन्त्रालय
(वित्तीय संघीयता समन्वय महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:२०७९/८०
९२

मिति २०७९/४/८

विषयः आर्थिक वर्ष २०७९/८० को लागि प्रदेश तथा स्थानीय तहलाई अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन।

श्री सचिवज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १, विराटनगर।
श्री सचिवज्यू,
अर्थ मन्त्रालय, मधेश प्रदेश, जनकपुर।
श्री सचिवज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय, बाग्मती प्रदेश, हेटौडा।
श्री सचिवज्यू,
अर्थ मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।
श्री सचिवज्यू,
अर्थ तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश, मुकामः बुटवल।
श्री सचिवज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश, विरेन्द्रनगर।
श्री सचिवज्यू,
आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी।

नेपालको संविधान र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश तथा स्थानीय तहलाई नेपाल सरकारले आगामी आर्थिक वर्ष २०७९/८० मा वित्तीय हस्तान्तरण अन्तर्गत उपलब्ध गराउनु पर्ने वित्तीय समानीकरण, विशेष अनुदान, समपूरक अनुदान, सशर्त अनुदान एवं राजस्व बाँडफाँटको रकम विनियोजन विधेयक, २०७९ बमोजिम स्वीकृत हुनुका साथै बजेट वक्तव्य मार्फत सार्वजनिक भइसकेको व्यहोरा यहाँलाई अवगत नै छ। उक्त विनियोजन विधेयकमा व्यवस्था भए अनुरुप अनुदान हस्तान्तरण तथा योजना वा कार्यक्रम हस्तान्तरण र सोको कार्यान्वयन गर्नु पर्ने हुँदा ती प्रावधानहरु सहितको मार्गदर्शन मिति २०७९/४/८ को सचिवस्तरको निर्णयानुसार यहाँको जानकारी तथा कार्यान्वयनको लागि पठाएको छु। विनियोजन विधेयकका यी प्रावधानहरु सहितको मार्गदर्शनबाट वित्तीय हस्तान्तरण र योजना वा कार्यक्रम कार्यान्वयनमा सहजता आउने विश्वास लिईएको छ। साथै, वित्तीय समानीकरण अनुदान, विशेष अनुदान, समपूरक अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाँट

सचिव

बापतको रकम र आयोजना तथा कार्यक्रमहरु प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Provincial Line Ministry Budget Information System-PLMBIS) मा प्रविष्टि गरिएकोले सोही प्रणालीबाट अवगत गर्नु हुन समेत अनुरोध छ।

**अन्तर सरकारी वित्तीय हस्तान्तरणः**

१. वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले प्रदेश सञ्चित कोषमा सम्वत् २०७९ भाद्र २ गते, कार्त्तिक २ गते, माघ २ गते र २०८० वैशाख २ गते गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

२. सशर्त, समपूरक र विशेष अनुदान कार्य प्रगतिको आधारमा हस्तान्तरण गरिनेछ।

३. मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व सङ्कलन हुन नसकेमा वित्तीय समानीकरण अनुदानको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम सङ्कलित राजस्वको अनुपातका आधारमा नेपाल सरकारले पुनः निर्धारण गरी हस्तान्तरण गर्नेछ।

४. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेशले सम्वत् २०७९ कार्त्तिक १ गते, माघ १ गते, २०८० वैशाख १ गते र वार्षिक आर्थिक विवरण २०८० साउन मसान्तभित्र तथा बुँदा नं.३ बमोजिम नेपाल सरकारबाट हस्तान्तरण भएको रकमको खर्च विवरण नेपाल सरकारले निर्धारण गरेको समयमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ त्यस्तो विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम प्रदेश सञ्चित कोषमा हस्तान्तरण गरिने छैन।

५. सशर्त अनुदान रकमको एक तिहाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले प्रदेश सञ्चित कोषमा सम्वत् २०७९ भाद्र २ गते हस्तान्तरण गर्नेछ।

६. सशर्त अनुदान बापत प्रदेशले प्राप्त गर्ने रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त हुने हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रकृया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित प्रदेश सभाले पारित गरेको राजस्व र व्ययको अनुमान सम्वत् २०७९ साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

७. बुँदा नं. ६ बमोजिम पेश भएको कार्ययोजना बमोजिम भौतिक प्रगति तथा खर्च भएको रकमको विवरण प्रदेशले सम्वत् २०७९ मङ्सिर १५ गते, चैत्र १५ गते, २०८० असार १५ गतेभित्र र वार्षिक आर्थिक विवरण २०८० श्रावण मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

८. बुँदा नं. ७ बमोजिमको खर्चको विवरणको आधारमा महालेखा नियन्त्रक कार्यालयले बुँदा नं.५ बमोजिम प्रदेशमा हस्तान्तरण भएको सशर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्ना निकासा दिनेछ।

सह सचिव

नेपाल सरकार

# अर्थ मन्त्रालय

(वित्तीय संघीयता समन्वय महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:२०७९/८०

९. नेपाल सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिक महालेखा नियन्त्रक कार्यालयले प्रदेशलाई समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गर्नेछ।

१०.सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम विनियोजन विधेयक, २०७९ को दफा (४) को उपदफा (१२) बमोजिम प्रदेशले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिन (सम्वत् २०८० श्रावण १५ गते) भित्र सङ्घीय सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ। बचत रकम फिर्ता दाखिल नभएमा महालेखा नियन्त्रक कार्यालयले अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ।

११. राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम विभाज्य कोषमार्फत मासिक रूपमा महिना समाप्त भएको १५ दिनभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रदेश सञ्चित कोषमा जम्मा गर्नेछ।

१२. सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानलाई संविधानको मर्म र भावनाबमोजिम वितरण गर्ने गरी व्यवस्थित गर्दै यस्ता अनुदानको परिमाणलाई न्यूनीकरण गर्दै त्यसबाट प्राप्त रकम समेतबाट परिपूर्ति हुन नसकेको प्रदेशको वित्तीय अन्तर (Fiscal Gap) परिपूर्ति गर्न वित्तीय समानीकरण अनुदान रकम प्रयोग गर्नुपर्नेछ।

१३. नेपालको संविधानले सुरक्षित गरेका नागरिकका मौलिक हक कार्यान्वयनको सुनिश्चितता गर्न तथा राज्यका निर्देशक सिद्धान्त अनुरूपको दिशामा अगाडि बढ्ने गरी प्रदेशको आर्थिक विकासमा योगदान पुऱ्याउन वित्तीय समानीकरण अनुदानको प्रयोग गर्नुपर्नेछ।

१४. राष्ट्रिय रुपमा पछाडि परेका प्रदेशलाई राष्ट्रिय औषत स्तरको नजिक ल्याउन वित्तीय समानीकरण अनुदानको प्रयोग गर्नुपर्नेछ।

१५. समाजका सबै वर्ग, क्षेत्र, समुदाय, जातजाति, अल्पसङ्ख्यक, सीमान्तकृत, अशक्त र असहायहरूको सशक्तीकरण गर्न र प्रदेशलाई विकासको मूल प्रवाहमा ल्याउन समानीकरण अनुदानको प्रयोग गर्नुपर्नेछ।

१६. प्रदेशले राष्ट्रिय मानदण्ड र राष्ट्रिय लक्ष्य हासिल गर्ने दिशामा योगदान पुग्ने गरी वित्तीय समानीकरण अनुदानको रकम प्रयोग गर्नुपर्नेछ।

१७. सम्बन्धित प्रदेशको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता अत्यावश्यक सेवा उपलब्ध गराउन, अन्य प्रदेश तहसँग प्रतिस्पर्धा गर्दै सन्तुलित विकास गर्न गराउन, प्रदेशमा रहेको आर्थिक सामाजिक असमानता न्यूनीकरण गर्न, सडक, सिँचाइ, विद्युत, सञ्चार लगायतका पूर्वाधार विकास गर्न तथा संविधानले प्रत्याभूत गरेको खर्चको जिम्मेवारी पूरा गर्न वित्तीय समानीकरण अनुदान रकमको प्रयोग गर्नुपर्नेछ।

सह सचिव

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६

१८. प्रदेशलाई सरकारी सेवाहरू न्यूनतम र समतामूलक रुपमा नागरिकहरूलाई बासस्थानको आधारमा भेदभाव नहुने गरी प्रदान गर्न उपयुक्त मात्रामा स्रोत साधनहरू उपलब्ध गराउन वित्तीय समानीकरण अनुदानको रकम प्रयोग गर्नुपर्नेछ।

१९. संविधानले प्रदेशलाई दिएको संवैधानिक जिम्मेवारी अनुरुप सेवा प्रवाह र विकास निर्माण गर्नका लागि वित्तीय समानीकरण अनुदान प्रयोग गर्नुपर्नेछ।

२०. विषयगत मन्त्रालयले प्रदेशमा कार्यान्वयन हुने सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानअन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रमको अद्यावधिक अभिलेख राख्नु पर्नेछ। विनियोजन ऐन, २०७९ बमोजिम प्रदेशले सशर्त अनुदान अन्तर्गतका हस्तान्तरण भएका कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा हस्तान्तरण भएको रकम अपर्याप्त भई थप रकम आवश्यक भएमा सशर्त अनुदान हस्तान्तरण हुँदाका बखतका साविकका आयोजनाको शुरू सम्झौता बमोजिमको रकम, थप रकम माग गरेको दिनसम्मको खर्च, आयोजना सम्पन्न हुने मिति र आवश्यक पर्ने थप रकमसहित त्यस्तो कार्यक्रम/योजनाको कार्य प्रगतिको आधारमा मात्र सम्बन्धित मन्त्रालय मार्फत थप रकम माग आउने व्यवस्था मिलाउनु हुनेछ।

२१. वित्तीय हस्तान्तरणलाई नतिजामूलक बनाई राष्ट्रिय विकासका लक्ष्य हासिल हुने गरी परिचालन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

**वैदेशिक सहायता सम्बन्धमाः**

२२. सशर्त अनुदानमार्फत कार्यान्वयन हुने आयोजनाहरूमा वैदेशिक सहायताको अंशसमेत समावेश भएकोमा त्यस्ता आयोजनाहरू कार्यान्वयन गर्दा दातृ निकायसँग गरेको वित्तीय सम्झौता तथा आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्थाहरू पालना गर्नु/गराउनु हुनेछ। दातृ निकायसँग भएको वित्तीय सम्झौता तथा आयोजना कार्यान्वयन निर्देशिका सम्वन्धित सङ्घीय मन्त्रालयबाट प्राप्त गर्नुहुनेछ।

२३. नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएको कुनै योजना तथा कार्यक्रम प्रदेशले कार्यान्वयन गर्दा वैदेशिक सहायता सम्झौता बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालयले निर्दिष्ट गरेको ढाँचामा खर्च गर्ने प्रदेशले छुट्टै अभिलेख राखी निर्धारित समयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित शोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

२४. बुँदा नं २३ बमोजिमको प्रतिवेदन पेश नभएको कारणबाट खर्च रकम सोधभर्ना हुन नसकेमा त्यसरी सोधभर्ना हुन नसकेको रकम सम्बन्धित प्रदेशलाई आगामी आर्थिक वर्ष २०८०/८१ मा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गरिनेछ।

सह सचिव

नेपाल सरकार

# अर्थ मन्त्रालय

(वित्तीय संघीयता समन्वय महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:२०७९/८०

योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्थाः

२५. नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम प्रदेशमार्फत कार्यान्वयन गर्नु पर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रदेशबाट कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ।

२६. प्रदेशमा सशर्त अनुदान मार्फत हस्तान्तरण भएका योजना वा कार्यक्रम कार्यान्वयनका लागि थप रकम मग गर्दा नेपाल सरकारको सम्बन्धित मन्त्रालय मार्फत माग गर्नु पर्नेछ।

२७. बुँदा नं. २६ बमोजिम थप रकम माग भई आएमा नेपाल सरकार, अर्थ मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रमको प्रगतिको आधारमा थप रकम उपलब्ध गराउने निर्णय गर्न सक्नेछ। त्यसरी थप निकासा भएको रकम उपलब्ध गराउने निर्णय गर्न सक्नेछ। त्यसरी थप निकासा भएको रकम सम्बन्धित स्थानीय तहको वार्षिक बजेटमा समावेश गरी सम्बन्धित प्रदेश सभाबाट अनुमोदन गराई लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्नेछ।

२८. प्रदेशको बजेट तथा कार्यक्रममा समावेश भएको पूँजीगत तर्फको कुनै योजना वा कार्यक्रम प्रदेशले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई प्रदेशले त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्न सक्नेछ।

२९. बुँदा नं. २५,२७ र २८ बमोजिमको निर्णयको जानकारी नेपाल सरकारको सम्बन्धित मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, सम्बन्धित प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

३०. बुँदा नं. २५ बमोजिम प्रदेशले कार्यान्वयन गर्ने वा बुँदा नं.२७ बमोजिम थप रकम उपलब्ध गराउने निर्णय प्राप्त भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी नेपाल सरकारको मन्त्रालयगत बजेट सूचना प्रणाली र एकल खाता कोष प्रणालीमा सम्बन्धित प्रदेशको कार्यालयलाई सङ्घीय निकायको रुपमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित सङ्घीय कानून बमोजिम रकम निकासा दिनु पर्नेछ।

३१. बुँदा नं. २८ बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेशको योजना तथा कार्यक्रमको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेशको प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली र एकल

सह सचिव

नेपाल सरकार

# अर्थ मन्त्रालय

**(वित्तीय संघीयता समन्वय महाशाखा)**

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:२०७९/८०

खाता कोष प्रणालीमा नेपाल सरकारको सम्बन्धित कार्यालयलाई प्रदेश निकायको रुपमा कार्यालय कोड दिई रकम निकासा दिनु पर्नेछ।

३२. सशर्त अनुदानबाट सञ्चालन हुने योजना वा कार्यक्रम कार्यन्वयनका लागि द्विविधा पर्न गएमा सम्बन्धित सङ्घीय मन्त्रालय/निकायसँग समन्वय गर्नु हुनेछ।

३३. समानीकरण अनुदान तथा राजस्व बाँडफाँटको रकम तत्कालका लागि स्वास्थ्य सुरक्षा, कृषि, आर्थिक पुनरुत्थान, जोखिममा रहेको वर्ग तथा समुदायको हित र त्यसपछि क्रमशः नागरिकका अन्य मौलिक हक कार्यान्वयनलाई प्राथमिकतामा राखी विनियोजन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३४. वित्तीय हस्तान्तरणको उपयोग नेपालको संविधान, दिगो विकास लक्ष्य र पन्ध्रौं योजनाले निर्दिष्ट गरेका क्षेत्र र मार्गदर्शन बमोजिम गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३५. प्रदेशको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरूको तलब तथा भत्ता प्रदेशकै विनियोजनबाट व्यवस्थापन गर्नु पर्नेछ। यी शीर्षकहरुमा थप निकासा हुने छैन।

**लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण :**

३६. प्रदेशको बजेट तर्जुमा, खर्चको लेखाङ्कन र एकीकृत प्रतिवेदन प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Provincial Line Ministry Budget Information System-PLMBIS) बाट गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३७. एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च एकाइको रुपमा सम्बन्धित तहको कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

३८. बुँदा नं. ३७ बमोजिमका योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

३९. नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएका कुनै योजना वा कार्यक्रम प्रदेशले कार्यान्वयन गर्ने गरी वित्तीय हस्तान्तरण गर्दा बजेटको स्रोत र भुक्तानी विधि समेत खुलाई पठाउनु पर्नेछ। यसरी प्राप्त भएको वैदेशिक स्रोतको रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहले वार्षिक बजेट तथा कार्यक्रममा सोही बमोजिमको स्रोत कायम गरी कार्यान्वयन गर्नु पर्नेछ।

४०. प्रदेशले बुँदा नं. ३९ बमोजिमको सहायता परिचालन गर्दा सम्झौतामा निर्दिष्ट गरेको ढाँचामा निर्धारित समयभित्र नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित सोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

सह सचिव

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३१, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६

नेपाल सरकार

# अर्थ मन्त्रालय

(वित्तीय संघीयता समन्वय महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः-

च. नं.: २०७९/८०

४१. बुँदा नं. ४० बमोजिमको प्रतिवेदन पेश नभएको कारणबाट खर्च भएको रकम सोधभर्ना प्राप्त हुन नसकेमा सो बराबरको रकम सम्बन्धित प्रदेशमा अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी हिसाब मिलान गरिनेछ।

**वित्तीय अनुशासनः**

४२. आफूले उठाएको राजस्व, बाँडफाँटबाट प्राप्त राजस्व र नेपाल सरकारबाट हस्तान्तरण भएको अनुदान रकम कानून बनाएर मात्र खर्च गर्नु पर्नेछ।

४३. कानून बनाउँदा देहायका कुराहरू पालना हुने व्यवस्था मिलाउनु हुनेछः

(क) नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि खर्च गर्ने,

(घ) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने,

(ङ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित सङ्घीय कानूनले निर्दिष्ट गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली लागू गर्नु पर्ने।

४४. महालेखा नियन्त्रक कार्यालयले आय र व्ययको एकीकृत आर्थिक विवरण तयार गरी महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने हुँदा निर्धारित ढाँचामा प्रदेशको आय व्ययको विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत पठाउने व्यवस्था गर्नु पर्नेछ।

४५. आर्थिक वर्ष २०७८/७९ को आम्दानी र खर्चको प्रतिवेदन तोकिएको ढाँचामा सम्वत् २०७९ साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ। त्यस्तो प्रतिवेदन प्राप्त नभई आगामी आर्थिक वर्ष २०७९/८० को राजस्व बाँडफाँट र अनुदान वापतको रकम हस्तान्तरण हुने छैन।

४६. सशर्त अनुदानमा उल्लेखित कार्यक्रम बाहेक प्रदेशको अधिकार सूचीमा पर्ने सबै कार्यक्रम र योजनाहरूको व्ययभार प्रदेश सञ्चित कोषमा जम्मा भएको राजस्व बाँडफाँट र समानीकरण अनुदानबाट नै व्यवस्थापन गर्नु पर्नेछ।

आर्थिक वर्ष २०७९/८० को बजेटसँग सम्बन्धित प्रकाशनहरु यस मन्त्रालयको Website:www.mof.gov.np मा हेर्न र डाउनलोट गर्न सकिनेछ।

(बाबुराम सुवेदी)
सहसचिव

सह सचिव

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६

नेपाल सरकार

# अर्थ मन्त्रालय

(वित्तीय संघीयता समन्वय महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:२०७९/८०

श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर।
श्री राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार।
श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार।
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।
श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै।

सह सचिव

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा म.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६